**२०७९ साल चैत्र ६ गते सोमबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय:** लुम्बिनी प्रदेश सरकारका मुख्य न्यायाधिवक्ताको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १ को क्र.सं.१ हेरफेर गर्ने ।

२. **मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय:** प्रदेश निजामती सेवा ऐन २०७९ को विधेयक मस्यौदामा प्रदेश लोक सेवा आयोग सँग परामर्श लिने ।

३. **मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय:** स्थानीय सेवा ऐन २०७९ को विधेयक मस्यौदामा प्रदेश लोक सेवा आयोग सँग परामर्श लिने ।

४. **मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय:** कर्मचारीको आवास सुविधा व्यवस्थापन कार्यविधि, २०७९ स्वीकृत गर्ने ।

५. **मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय:** प्रदेश सरकारमा मन्त्रीहरुको आवास व्यवस्थापन गर्ने।

६. **आर्थिक मामिला मन्त्रालय:** आर्थिक वर्ष २०८०/०८१ को लागि प्रदेश सरकारले प्रदेशका स्थानीय तहहरुलाई प्रदान गरिने वित्तीय हस्तान्तरण/अनुदान रकमको सीमा गर्ने।

७. **आर्थिक मामिला मन्त्रालय:** प्रदेश समपूरक अनुदान व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०७९ स्वीकृत गर्ने ।

८. **आर्थिक मामिला मन्त्रालय:** आ.व. २०७९/८० को बजेट रोक्का तथा खर्च कटौती सम्बन्धी मापदण्ड स्वीकृत गर्ने ।

९. **भौतिक पूर्वाधार विकास मन्त्रालय:** ग्रामीण सडक संजाल सुधार आयोजना (RCIP-AF) मार्फत आयोजनाहरु कार्यान्वयनका लागि एसियाली बैंक, संघिय शहरी विकास मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालय लुम्बिनी प्रदेश बिच आयोजना सम्झौता (Project Agreement) मा उल्लेखित आयोजनाहरु कार्यान्वयनका लागि Matching Fund को सुनिश्चितता गरी उक्त सम्झौतामा भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रदेश सचिवलाई हस्ताक्षर गर्न स्वीकृति दिने ।

१०. **सामाजिक विकास मन्त्रालय:** क्रिकेट खेलाडीलाई प्रोत्साहन गर्ने ।

११. **स्वास्थ्य मन्त्रालय:** लुम्बिनी र राप्ती प्रादेशिक अस्पतालमा अस्थायी दरबन्दी थप संलग्न विवरण अनुसार लुम्बिनी प्रादेशिक अस्पताल र राप्ती प्रादेशिक अस्पतालमा स्वास्थ्य सेवाका जनशक्तिको आ.व. २०७९/८० का लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने । कार्यरत जनशक्तिको नियमानुसारको तलव, भत्ता व्यवस्थापन स्वास्थ्य मन्त्रालय र अन्तर्गतका निकायमा चालु आर्थिक वर्षमा विनियोजित बजेटबाट नियमानुसार रकमान्तर गरि गर्ने ।